# पोखरामा फोर्सको आधुनिक सर्भिस सेन्टर

आर्थिक संवाददाता
काठमाडौं, माघ ९




फोर्स मोटर्सको आधिकारिक बिक्रेता आयाम इन्टरकन्टिनेन्टल प्रालिले आफ्ना ग्राहकहरूलाई बिक्रीपछिको आधुनिक सेवा सुविधा तथा पार्टपुर्जाहरूको सेवा दिने उद्देश्यले अन्तर्राष्ट्रियस्तरको आधुनिक सर्भिस सेन्टर पोखराको चाउथेमा सञ्चालनमा ल्याएको छ ।

उक्त सर्भिस सेन्टर नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल तथा हिमालय अर्गनाइजेसनका अध्यक्ष ध्रुव बहादुर थापा, फोर्स मोटर्सका अन्तर्राष्ट्रिय बिक्रीप्रबन्धक सुनिल संक तथा पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसनका अध्यक्ष कृष्ण प्रसाद श्रेष्ठले संयुक्त रूपमा उद्घाटन गरेका थिए । यस अगाडि चाउथेमा सञ्चालित फोर्स मोटर्सको शोरूम सञ्चालनमा आइसकेको छ । फोर्सका ग्राहकले सर्भिस सेन्टरमा आएर अत्याधुनिक सेवा सुविधासहित गाडी मर्मत गर्न सक्नेछन् । करिब सात रोपनी जग्गामा सर्भिस सेन्टर फैलिएको छ । गाडी बिक्रीपछिको स्पेयर्स तथा सर्भिस सेन्टर एकै ठाउँबाट छिटो छरितो र आधुनिक सेवा दिने उद्देश्य राखिएको जानकारी उक्त आयाम इन्टरकन्टिनेन्टलका प्रबन्धनिर्देशक निरन के.सीले जानकारी दिए ।

विगत आठ वर्षदेखि आयाम इन्टरकन्टिनेन्टलले नेपालमा फोर्स ब्राण्डका गाडीहरू आयात तथा बिक्रीवितरण गर्दै आइरहेको छ । फोर्स मोटर्सले नेपालमै सबैभन्दा बढी सिट क्षमता भएको १४ सिटे जिप बिक्री बितरण गर्दै आइरहेको छ । साथै फोर्सका पिकअप भ्यान, स्कुल बस, माइक्रो बस तथा उच्चस्तरीय एम्बुलेन्स पनि नेपाली बजारमा लोकप्रिय छन् । काठमाडौंको गैरीधारामा तथा इटहरीमा आफ्नै शाखा रहेको छ । देशभर २२ वटा डिलर नेटवर्कबाट फोर्सको बिक्री तथा बिक्रीपछिको सेवा उपलब्ध गराउँदै आइरहेको छ । यस आयाम इन्टरकन्टिनेन्टल प्रालिले फोर्स मोटर्सका नयाँ मोडलका बस तथा जिपहरू समेत नेपाली बजारमा छिट्टै ल्याउन लागेको छ भने केही समयअघि मात्रै गुर्खा जिप नेपाली बजारमा ल्याएको थियो ।

# एक महिनाभित्र अनलाइन टिकटको व्यवस्था गर्न वायूसेवा निगमलाई निर्देशन

आर्थिक संवाददाता
काठमाडौं, माघ ९



संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले एक महिनाभित्र अनलाइन टिकेटिङ् व्यवस्था गर्न नेपाल वायूसेवा निगमलाई निर्देशन दिएका छन् ।

सर्वसाधरणले टिकट नपाउने तर, दलालहरूले बिक्री गर्ने गरेको पाईएको भन्दै उनले अनलाइन टिकटको व्यवस्था गर्न निगमलाई निर्देशन दिए । सोमबार निगमको निरिक्षण गर्दै उनले जहाज समयमै उडाउन र सेवालाई सरल र प्रभावकारी बनाउन समेत निर्देशन दिए । साथै निगमको वार्षिक रूपमा आर्थिक अवस्था र निगमको समग्र कार्ययोजना ल्याउन पनि निगमलाई आग्रह गरे । यस्तै उनले थन्किएर रहेका विमानहरूको उचित प्रवन्ध मिलाउन समेत निर्देशन दिए । दुर्गम क्षेत्रका जनताले निगमप्रति सकारात्मक धारणा राखेको उल्लेख गर्दै उनले त्यसै अनुसार सेवा प्रवाह गर्नुपर्नेमा जोड दिए । निगमको हितमा आफू निरन्तर सक्रिय रहने बताउँदै निगम व्यवस्थापन र कर्मचारीहरूबाट पनि त्यस्तै अपेक्षा गरेको उनले उल्लेख गरे । विगतमा निगम प्रतिको जनताको विश्वासलाई पुनजीर्वित गराउन र प्रतिष्ठा बृद्धि गर्न आफ्नो योग्यता, दक्षता र अनुभव प्रयोग गर्नुपर्ने उनको भनाई थियो । उनले भने, 'हाम्रो उद्देश्य एउटै हो निगम बनाउने । निगम असफल बनाउने छुट छैन । र त्यो समय, परिस्थिति र सन्दर्भले पनि दिँदैन । मलाई विश्वास छ, निगम व्यवस्थापनले सुधारको काम गर्नेछ ।'

पर्यटनमन्त्री किरातीले प्रत्येक दिन निगमको रिपोर्ट मन्त्रालयलाई बुझाउन निगम व्यवस्थापनलाई निर्देशन समेत दिए । 'कुन जहाज कहाँ कति मिनेट र कति घण्टा डिले भयो । कुन जहाजको कहिले चक्का हरायो, कुन जहाजको तार मुसाले काट्यो, यी सब विषयको दैनिक रिपोर्ट मन्त्रालयमा ल्याउनुस् मन्त्रालयबाट म फर्किँदा प्रत्येक दिन निगमको रिपोर्ट बुझेर फर्कन्छु', उनले भने । यस्तै उनले निगम सुधारको कार्ययोजना तत्काल ल्याउन निर्देशन दिए । यस्तै पर्यटन राज्यमन्त्री सुशीला सिर्पाली ठकुरीले निगमको विद्यमान अवस्थालाई सुधार गरी निगमको साख र गौरवलाई उचो बनाउन सबै जिम्मेवार भएर लाग्नुपर्ने बताईन् । उनले निगमको सेवालाई चुस्त र प्रभावकारी बनाउन व्यावस्थापकीय सुधार र रणनीतिक कार्ययोजनाका साथ अघि बढ्नुपर्नेमा जोड दिईन् । यसैगरि उनले पर्यटन क्षेत्रका चुनौती र समस्याबारे गम्भीरतापूर्वक अध्ययन गर्न र देखिने चुनौती सामना गर्न वर्तमान सरकार लागिसकेको बताईन् ।

यस्तै संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारीले निगमको सेवा र व्यवसायिक कार्यलाई सन्तुलन मिलाई कामको गति अघि बढाउन आग्रह गरे । उनले सामाजिक सेवाको योजनाका साथै व्यावसायिक एवं प्रशासनीक सुधारमा निगम सक्रिय रहनु पर्ने सल्लाह दिँदै ग्राउण्ड ह्याण्डलिङ सेवालाई अझ स्तरीय बनाउन निर्देशन दिए । यस्तै उनले जहाज किन्ने हो भने स्पष्ट कार्ययोजना बनाउन आग्रह गरे । 'निगमलाई जहाज चाहिएको छ, तर, पहिला बिजनेस प्लान बनाउनुस् । जहाज थपेर मात्रै हुँदैन व्यवस्थापकीय सुधारसँगै गरिनुपर्छ, कुनै पनि वायुसेवा कम्पनी उडानमा प्राथमिकता हुनुपर्छ', उनले भने ।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले निगमका गतिविधिबारे विस्तृत विवरण प्रस्तुत गर्दै मन्त्रीको निर्देशन अनुसार नै कामहरू गरिने बताए । निगमले १० वर्षे व्यावसायिक योजना (२०२१-३०) लाई परिमार्जन गरी व्यावसायिक योजना (२०२२-३१) तयार गरी संचालक समितिमा स्वीकृतिको लागि पेश गरिसकेको समेत उनले जानकारी गराए । यस्तै सरकारको निर्देशन प्राप्त हुनसाथ निगमलाई आवश्यक आन्तरिक उडानका जहाज खरिद प्रक्रिया अघि बढाइने उनको भनाई थियो । निगमको आन्तरिक स्रोतले नै दुई/तीनवटा विमान खरिद गर्न सकिने उनले बताए ।


## Dewanganj Rural Municipality
## Office of the Rural Municipal Executive
**Dewanganj, Sunsari**
**Province-1, Nepal**

## Invitation for Bids

**First date of publication of notice, 079/10/10**

Dewanganj Rural Municipality Office invites electronic bids from eligible bidders for the Single /multi-year project of Construction of Building,& Upgrading Roads of Dewanganj Rural Municipality at Dewanganj, Sunsari under National Competitive Bidding procedures.

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Dewanganj Rural Municipality Office, Dewanganj, Sunsari, Province-1, Nepal, or may visit PPMO website www.bolpatra.gov.np/egp
2. The complete set of bid documents may be downloaded (for e-submission) form PPMOs Web Site www.bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the non-refundable fee as mentioned below and scanned copy of written application. Along with the copy of company/firm registration certificate, till office hour of 30th day of publication of notice of bidding document in the rural municipality's SanchitKosh account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Bank: NICAsia Bank, Inaruwa Branch Office: Dewanganj Rural Municipality Office AantrikRajashoKosh Account no: 2432050026455007
3. Per-bid meeting shall be held at Dewanganj Rural Municipality Office, Dewanganj, Sunsari, Province – 1, Nepal, at 2:00 PM on 21thday of publication of notice.
4. Electronic bids must be submitted to the office Dewanganj Rural Municipality, Dewanganj, Sunsari, Province -1, Nepal through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 31th day of publication of notice. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders representatives who choose to attend at 2:00 pm on 31st day of publication of notice at the Dewanganj Rural Municipality Office, Dewanganj, Sunsari, Province – 1, Nepal. Bids must be valid for a period of 90(NinetyDay) days after bid opening for Single /doubleInvelopeand must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting as specified in PPA and PPR which shall be valid for 30 days beyond the validity period of the bid Information to deposit the bid amount in Bank:
   Bank: NIC Asia Bank, Inaruwa Branch Office: Dewanganj Rural Municipality Office DharautiKhata no:243CA50021917002
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
8. Bidders must submit the original copies (Hard Copy) of mandatory document to Dewanganj Rural Municipality, Dewanganj, Sunsari, Province -1, Nepal, within the seven days of last date of Bid submission. Non submission of the hard copy by the bidders within the specified time shall be considered as non-responsive and may cause forfeiture of bid security.
9. Matters not covered by this notice shall be in accordance with Bid document, PPA and PPR.
10. Eligibility Criteria:
    a) The prospective bidders should be technically &financially sound registered with Govt.of Nepal as specified in the bid documents.
    b) Bidder shall be summited only Required Document which are Specified as Bid Document.
    c) Other eligibility criteria as specified in the bid documents.

**Bidding Documents may be submitted by a Single company or joint venture as Specified Bid Document Single /Double envelope.**

| S. N. | Contract no./ID | Description of Works | Estimated Amount with out Vat Nrs. | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | DRM/BUILDINGS/ C/NCB/02/079-080 | School Building Construction Works at Dibya Aa.Bi. Dewangunj -3 (Motitapu). | 71,93,528/83 | 2,03,100/- | 3,000/- | Single Envelope |
| 2 | DRM/BUILDINGS/ C/NCB/03/079-080 | School Building Construction Works at Nabdurga Aa.Bi. Debangaung -7 | 70,46,712/39 | 1,99,000/- | 3,000/- | Single Envelope |
| 3 | DRM/BUILDINGS/ C/NCB/04/079-080 | School Building Construction Works at Pashupati Shiksha Mandir . Dewangunj -7 | 44,16,720/28 | 1,25,000/- | 3,000/- | Single Envelope |
| 4 | DRM/BUILDINGS/ C/NCB/05/079-080 | School Building Construction Works at Amarshingh MaBi. Dewangunj -5 | 1,37,68,317/20 | 3,90,000/- | 3,000/- | Single Envelope |
| 5 | DRM/BUILDINGS/ C/NCB/06/079-080 | Health Care Center First floor Building construction works. Dewangunj -6 | 25,04,814/89 | 71,000/- | 3,000/- | Single Envelope |
| 6 | DRM/ROADS/C/ NCB/07/079/080 | Upgrading Road with RCC Box Culvert Construction works at Karnadhar at Main Roads (Babuji Aa.Bi.) ,Dewangung-4 , | 13,95,737/77 | 39,500/- | 3,000/- | *Single* Envelope |
| 7 | DRM/ROADS/C/ NCB/08/079/080 | Ganesh PS North Ayub house Dewangunj-6- Bir na. chy Dewangunj-7 way Roads.(Work sector :Hakpara South Sardar tole ) | - | 10,25,000/- | 5,000/- | Two Envelope |

**Chief Administrative Officer**



## कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालोसूचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०७९/१०/१० गते

यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय तथा शाखा कार्यालयहरुबाट कर्जा लिने देहाय बमोजिमका ऋणीहरुले ऋण लिदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता भुक्तान नगर्नु भएकोले यस वित्तीय संस्थाबाट पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धीत ऋणीहरु तथा सम्बन्धीत पक्षहरुलाई सूचित गरिएको छ । उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम वित्तीय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिंदाका बखत यस वित्तीय संस्थालाई लेखिदिनु भएको धितोबाट र कदमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकेमा बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल-अचल सम्पत्ति, ऋण लिंदा जमानि दिनेका नाममा रहेको वा निजको हकको चल-अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तिय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धित अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकंबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७८ को १२ (१०) बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पुर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण: |
|---|---|
| १. | प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर चितवनमा मिति २०७६/०२/२८ गते, प्रा.फ.र.नं. १४९१/०७५/०७६ मा दर्ता भएको, स्थायी लेखा नं. ६०७८०१४११ भई चितवन जिल्ला, भरतपुर म.न.पा वडा नं. १ चितवन स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री रिज्वल फेन्सी कलेक्सन (सञ्चालक : अनिता श्रेष्ठ ), कर्जाको प्रकार : आवधिक व्यवसाय कर्जा** |
| | **व्यक्तिगत जमानिकर्ता:** |
| | **नाम : अनिता श्रेष्ठ** <br>ना.प्र.नं. ३५५००९२, जि.प्र.का. चितवन<br>जारी मिति : २०६६/०९/०२<br>बाबु : काशि राम श्रेष्ठ<br>पति : राजेश मल्ल<br>ठेगाना : चितवन जिल्ला, पदमपुर गा.वि.स. वडा नं. ८<br>हाल : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १, जुनहल रोड |
| | **नाम : राजेश मल्ल** <br>ना.प्र.नं. १७३९ /०३४, जि.प्र.का. चितवन<br>जारी मिति : २०५४/०१/१२<br>बाबु : रत्न काजी मल्ल<br>बाजे : सानुलाल मल्ल<br>ठेगाना : चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. ३ को परिवर्तित चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १ |
| | **ऋणीको विवरण:** |
| २. | प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अर्न्तगत मिति २०७६/०५/२६ मा प्रदेश सरकार प्रदेश नं. १ उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा दर्ता नं. १५०२९/२०७६/०७७ कायम भई स्थायी लेखा नं. ६१०६८५०६६ भएको सुनसरि जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री न्यु रंगोली किचन एण्ड तास कर्नर (सञ्चालक : दिपक खडका), कर्जाको प्रकार : व्यवसाय कर्जा** |
| | **व्यक्तिगत जमानिकर्ता:** |
| | **नाम : दिपक खडका** <br>ना.प्र.नं. ०६/३१५३९/०६३/०६४<br>जि.प्र.का. सुनसरी, जारी मिति : २०६३/०५/१२<br>बाबु : विष्णुधन खडका<br>बाजे : भवजित खडका<br>ठेगाना : सुनसरि जिल्ला, पाचकन्या गा.वि.स. वडा नं. ८ को परिवर्तित धरान उ.म.न.पा. वडा नं. ३<br>हाल : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ४ |
| | **नाम : विष्णुधन खडका** <br>ना.प्र.नं. ०६/०२/७३/२१८४, जि.प्र.का. सुनसरी<br>जारी मिति : २०७३/०७/०२<br>बाबु : भवजित खडका<br>बाजे : मेहरमान खडका<br>ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. २३<br>हाल : सुनसरी जिल्ला, धरान उ म..न.पा. वडा नं. ६ |
| | **नाम : राधिमाया खडका** <br>ना.प्र.नं. २५०/१४२२, जि.प्र.का. खोटाङ<br>जारी मिति : २०४४/०५/२८<br>पति : विष्णुधन खडका<br>ससुरा : भवजित खडका<br>ठेगाना : खोटाङ्ग जिल्ला, खिदिमा गा.वि.स. वडा नं. ६ को परिवर्तित साकिला गा.पा. वडा नं. ३<br>हाल : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ६ |
| | **नाम : रिता वस्नेत** <br>ना.प्र.नं. ३१३०, जि.प्र.का. खोटाङ<br>जारी मिति : २०६२/०९/१०<br>पति : दिपक खडका<br>ससुरा : विण्ष्णुधन खडका<br>ठेगाना : खोटाङ्ग जिल्ला, टेम्मा गा.वि.स. वडा नं. ४ को परिवर्तित दिप्रुङ गा.पा. वडा नं. ७<br>हाल : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ६ |
| | **नाम : सुरज खडका** <br>ना.प्र.नं. ०६/४६८२२ /०६७/०६८, जि.प्र.का. सुनसरी, जारी मिति : २०६७/०८/०९<br>बाबु : विण्ष्णुधन खडका, बाजे : भवजित खडका<br>ठेगाना : सुनसरी जिल्ला, पाचकन्या गा.वि.स. वडा नं. ८ को परिवर्तित धरान उ.म.न.पा. वडा नं. ३<br>हाल : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ६ |

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था)

प्रधान कार्यालय ओमकार भवन, नयाँ बानेश्वर-१०, काठमाण्डौं
फोन नं. ०१-४७९६७८० ४७९३१८५,४७९२५१७, ४७९१३५६ ४७९१३५७
वेबसाइट: www.manjushreefinance.com
ईमेल: manjushree@manjushreefinance.com.np